जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १६३ २०७७ साल माघ १४ गते बुधबार (27 Jan. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : छोराछोरीको पढाई खर्च... ३ पृष्ठमा : इञ्जिनीयरलाई परीक्षा ... ३ पृष्ठमा : भारतमा गणतन्त्र दिवसका ...

# प्रचण्ड र माधव नेपाललाई दुई सर्त पुरा गर्दै पार्टीमा एकताबद्ध हुन उपप्रधानमन्त्री पोखरेलको आह्वान






**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

उपप्रधानमन्त्री ईश्वर पोखरेलले प्रधानमन्त्री केपी शर्मा ओलीको बिरुद्धमा उत्रेका प्रचण्ड र माधव नेपाललाई दुई सर्त पुरा गर्दै पार्टीमा एकताबद्ध हुन आह्वान गर्नुभएको छ ।

नेकपा सप्तरी (ओली समूह) द्वारा मंगलबार सप्तरी सदरमुकाम राजविराजस्थित राजरंगशालामा आयोजित बृहत कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले सो आह्वान गर्नुभएको हो ।

पार्टी फुटाउन प्रयास गरेका प्रचण्ड र माधव नेपाललाई प्रधानमन्त्री ओलीमाथी लगाइएको निराधार आरोप फिर्ता लिएर आगामी निर्वाचनमा मिलेर जान तयार भए समस्याको निकास निस्किन सक्ने समेत उहाँले बताउनुभयो ।

निर्वाचन आयोगले हालै गरेको निर्णयबाट प्रथम अध्यक्ष केपी ओली, द्वितीय अध्यक्ष प्रचण्ड र महासचिव विष्णु पौडेल रहेको पार्टी नै आधिकारीक हुने उल्लेख रहेको भन्दै उहाँले आफूहरुको पार्टीले नै चुनाव चिन्ह सूर्य छाप पाउने तथा निर्वाचनमा उम्मेदवारीका लागि केपी ओलीद्वारा हस्ताक्षरित पत्र नै आधिकारीक हुने दाबी गर्नुभयो । उपप्रधानमन्त्री पोखरेलले प्रचण्ड र माधव नेपालले उक्त सल्लाह नमाने उहाँहरुको भविष्य पनि सुनिश्चित नहुने समेत उल्लेख गर्नुभयो ।

प्रतिनिधिसभाको गत निर्वाचनमा केपी ओलीको नाममा भोट मागेको र विकास तथा समृद्धिको प्रतिबद्धता गरेकोमा दुई वर्ष नपुग्दै प्रधानमन्त्रीलाई धक्का मारेर हटाउने षडयन्त्रमा प्रचण्ड लागेको उहाँको आरोप थियो ।

मैथिली भाषामा सम्बोधन गर्नुहुँदै उहाँले राजविराजमा वरिष्ठ गणतन्त्रवादी नेता स्व. रामराजा प्रसाद सिंहको नाममा स्थापना हुने रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिलान्यास प्रधानमन्त्री ओलीबाटै चाडै हुने जानकारी पनि दिनुभयो ।

यसैगरि राजविराज औद्योगिक क्षेत्रको स्तरोन्तरीका लागि पनि सरकारले तयारी गरिरहेको भन्दै उहाँले कोरोनाका कारण लामो समयदेखी बन्द रहेको नाकाहरु समेत छिट्टै सूचारु गर्ने मन्त्रीपरिषदले निर्णय समेत गरिसकेको जानकारी दिनुभयो ।

कार्यक्रममा सहरी विकास मन्त्री प्रभु साहले प्रचण्ड पद बिना एक मिनेट पनि बाच्न नसक्ने स्वभावका रहेको भन्दै सत्ता र पदकै लागि पार्टी फुटाउने षडयन्त्रमा लागेको आरोप लगाउनुभयो । प्रचण्ड जी ३० वर्षदेखी नियमित पदमै बसिरहेको मानिस हुनुहुन्छ र अहिले पनि पद र सत्ताकै लागि पार्टीमा भाडभौलो

*बाँकी अन्तिम पृष्ठमा*

# अनेरास्ववियुद्वारा मन्त्रीहरुलाई कालो झण्डा देखाईयो



**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

प्रधानमन्त्री केपी शर्मा ओली पक्षधरद्वारा राजविराजमा आयोजित सभालाई सम्बोधन गर्न राजविराज प्रवेश गर्न लागेका मन्त्रीहरुलाई अनेरास्ववियु सप्तरीले कालो झण्डा देखाएको छ ।

मंगलबार जनजागरण सभाको लागि राजविराज प्रवेश गर्दै गर्दा मन्त्रीहरुलाई अनेरास्ववियु सप्तरीका विद्यार्थी नेताहरुले अध्यारी पेट्रोल पम्प अगाडी कालो झण्डा देखाईएको हो ।

यता राजविराजस्थित राजरंगशालामा आयोजना गरिएको कार्यक्रम स्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली ठूलो संख्यामा परिचालन गरिएको थियो ।



# छोराछोरीको पढाई खर्च जुटाउन तरकारी खेती

**अरुणकुमार यादव**
**राजविराज, १३ माघ ।**

सेभ द सप्तरीको सहयोगमा जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाको बिभिन्न ठाउँमा जिबीकोपार्जन गर्नका लगि कृषक समुहले लगाएको तरकारी खेतीबाट महिलाहरु आत्मनिर्भर बन्दै छन ।

उनीहरु आफनो छोरा/छोरीको पढाई खर्च जुटाउन र परिवार धाउनको लागि समेत जिल्लाको दक्षिणी भेगका तिलाठी कोइलाडी अन्तरगत मंसापुर, बरसाइन र कोइलाडीको कोशी पलारमा समुहिक तरकारी खेती गरेर आत्मनिर्भर बनिरहेको देखिएको छ ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ७ मंसापुरमा कमलेश्वरी कृषक समुहमा आवद्ध २१ जना सदस्यहरु मिलेर तरकारी खेती गरेका छन ।

समुहकी अध्यक्ष प्रमिलादेवी साह,सदस्य माया देवी मण्डल सहितकाले करिब पाँच बिगाहमा बन्धाकाउली, गोलभेडा, रायसाग, मुला, फर्सी जस्ता हरियो साग सब्जी उवजाएर उनीहरु आत्मनिर्भर बनिरहेको सेभ द सप्तरीका कृषि प्राबिधिक रामकुमार साहले जानकारी दिनुभयो ।

ति तरकारी बालिबाट आम्दानी भएको पैसा सदुपयोग गरि स्थानिय शंकर बोडिङ स्कुलमा आफना छोरा/छोरीलाई पढाई रहेको कमलेश्वरी कृषक समुहकी सदस्य माया देवी मण्डलले बताउनुभयो ।

हाम्रो श्रीमान बाहिर कमाउन जादा समयको सदुपयोग गरि सेभ द सप्तरीको आर्थिक सहयोगमा आफनो परिवार चलाउनको लागि यहाँ तरकारी खेती गरेर परिवारलाई सहयोग पर्‍याउनुको साथै छोरा/छोरीलाई उच्चशिक्षा सम्म पढाउने लक्षय रहेको उहाँले बताउनुभयो ।

सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा सेभ द सप्तरीबाट सहयोग प्राप्त जग्गा धनीबाट लिजमा जग्गा लिएर बिउिबिजन, खाद्य, मल र किसानलाई चाहिने पम्पी सेट समेत उपल्बध गराइदिएपछि उनीहरु दलित समुदायिका परिवार सक्षम भएर आफने खेतीबारीमा काम गरेर राम्रो आम्दानी गर्न सफल भएको सेभ द सप्तरीका कृषि प्राबिधिक साहको भनाई छ ।

त्यस्तै जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ बरसाइमा समेत तरकारी खेती लगाएर दलित महिलाहरु आत्मनिर्भर बनेका छन ।

बजरङबली कृषक समुहद्धारा संचालित तरकारी खेतिमा सेभ द सप्तरीले जग्गा लिजमा लिएर गरिब अतिबिपन्न परिवारलाई आत्मनिर्भर गरउने उद्देश्यले खाद्य, बिउबिजन र सिँचाई सम्मको सुबिधा दिएर किसानहरुलाई सहयोग प्रदान गरिदै आएको छ ।



त्यहाँ कृषक समूहका अध्यक्ष पानोदेवी रजक सहित सदस्य अनिता राय, जिबछिदेवी, अमिरकादेवी रजक, शान्तिदेवी राय आलमदेवी रजकले करिब ४ बिगहामा सामुहिक तरकारी खेति गरेर उनीहरु आत्मनिर्भर बनेका छन ।

उनीहरु आफनो घरको कामकाज सकेर आफना छोरा/छोरीको भबिष्य बनाउन पढाई खर्च जुटाउनका लागि तरकारी खेतिमा लागेको स्थानिय घनश्याम साहले बताउनुभयो ।

यस समुहलमा लागेकाहरु आफ्नो छोरा/छोरीलाई पढाउने उदेश्यसहित परिवारमा खर्च बच्चत समेत गर्ने गरेको स्थानियबासी साहको भनाइ छ ।

यस्तै तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ कोइलाडीको कोशी पलारमा समेत स्थानिय कृषकहरुले तरकारी खेति गरेका छन । दिनारामभद्री कृषक समुहका अध्यक्ष देवरेनदेवी मुखियासहित १९ जना सदस्य मिलेर त्यहाँ तरकारी खेति गरिएको सेभ द सप्तरीका समुदायिक परिचालक मुनेश्वर मुखियाले जानकारी दिनुभयो ।

समुन्नती कार्यक्रम अर्न्तगत सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले बिभिन्न कृषक समुहलाई अनुदान दिएर सहयोग गरेको तरकारीबालीको स्थलगत अनुगमन समेत गरिएको छ ।

सो क्रममा एक टोलीले तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं. ४ कोइलाडीस्थित कोशी पलारमा दिनारामभद्री कृषक समूहले लगाएको तरकारीबालीको अनुगमन गरिएको छ ।

हाल दिनारामभद्री कृषक समुहले आफनै पहलमा तरकारी खेती बढाएर ५ बिगाहासम्म पुऱ्याएका छन ।

समुन्नती कार्यक्रमको जिविकोपार्जन मार्फत सेभ द सप्तरीले यस कृषक समुहलाई बिगत बर्षदेखि नै क्षमता अभिबृदि लगायतका तालिम र बिउ, बिजन, मलखाद र सिचाईका सामग्रीहरु लगायत कृषि सम्बन्धि बिभिन्न समानहरु प्रदान गरि सहयोग गर्दै आएको छ ।

सो क्रममा दलित महिलहरु तरकारी खेतिबाट आत्मनिर्भर,आफनो खेतबारीमा हरियो सागसबजी लगाएर स्थानियस्थरमा रहेका बजार सम्म तरकारी पुऱ्याउने गरिएको पाइएको छ ।

सेभ द चिल्ड्रेन र सेभ द सप्तरीको सहकार्यमा संचालित समुन्नती कार्यक्रम जिविकोपार्जन अर्न्तगत सिमान्तकृत वर्गका अधिकाश दलितहरुलाई लक्षित गरि यहाँका सदा (मुसहर) र मलाहा (मुखिया) समुदायहरुका तरकारीबाली लगाइएको देखिएको छ ।

उक्त ठाउँमा तरकारीबालीमा बिशेष गरि फुल कोभी, बन्दाकोभी, भान्टा, खुर्सानी, टमाटर, आलु, मुला, रायो साग, लहरे तरकारी अर्न्तगतका वालीहरुरु फर्सी, लौका, करेला, वोडी, काक्रो लगायतका तरकारीहरु उत्पादन गरिदै अइरहेको समेत पाइएको तिलाठी कोइलाडी गाउँपालिकाका कृषि संयोजक उदयकान्त झाले बताउनुभयो ।

कृषि संयोजक उदयकान्त झा, सेभ द सप्तरीका कृषि प्राबिधिक रामकुमार साह, सेभ द सप्तरीका समुदायिक परिचालक बिनिता यादव र मुनेश्वर मुखिया र राससका प्रतिनिधि अरुणकुमार यादवसहितकाले सो अनुगमन गरेका थिए ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सीमा नाका बन्द हुँदा चोरबाटोको प्रयोग

सर्लाही, १३ माघ (रासस) ।

छिमेकी देश भारतसँग खुला सिमाना रहेका तराईका जिल्लाहरूको सीमानाका लामो समयदेखि नखुल्दा स्थानीयवासी चोरबाटो तथा पुलमुनिको र खोलाको बाटो प्रयोग गर्न थालेका छन् । कोभिड-१९ को सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी सरकारले चैत ११ बाट देशव्यापी लकडाउनको घोषणा गरेसँगै बन्द गरिएको सीमानाका लामो समयसम्म पनि नखुल्दा जिल्लाका स्थानीयवासी किनमेललगायत आफन्तलाई भेट्न जाँदासमेत पुलमुनि, खोलाको बाटो तथा चोरबाटो प्रयोग गर्न बाध्य भएका छन् ।

व्यवहारमा भने सीमा खुला नै छ। पुलमुनि र आसपासबाट नदी तरेर आवतजावत भने रोकिएको छैन। तर पहिलाका सञ्चालित पुल सडकका नामको मात्र सीमानाका बन्द गरिँदा स्थानीयवासी मारमा परका छन् । जिल्लाको ब्रह्मपुरीमा रहेको झिम नदीमा रहेको पुल बन्द भए पनि सर्वसाधारण पुलमुनिको खोलाबाट आवतजावत गर्न बाध्य भएका छन् ।

सर्वसाधारणलाई खोला, चोरबाटो र पुलमुनिबाट आवतजावत गर्दा पनि सुरक्षाकर्मीको त्रास उत्तिकै रहेको भए पनि तस्करहरू भने खुलमखुल्लारूपमा आवतजावत गरिरहेका छन् । तस्करीलाई सुरक्षाकर्मीले नियन्त्रण गर्न सकेका छैनन्। दुई देशका सुरक्षा निकायले व्यापारीसँग आर्थिक लेनदेन गरी सीमा बन्द भएका बेला तस्करीको संरक्षण गरेको स्थानीयवासीको आरोप छ।

दैनिक उपभोग्य वस्तु, कपडालगायत सामान भारतीय बजार सुनवर्षाबाट चोर बाटो हुँदै नेपालतर्फ आउने गरेको छ। साँझ र बिहान साइकल, मोटरसाइकल तथा ठूलाठूला पोका बनाएर टाउकोमा बोकेर व्यापारीको सामान तस्करी गर्नेहरू सर्लाहीका विभिन्न बजारसम्म पुग्ने गरेका छन्।

प्रदेश २ का आठवटै जिल्ला भारतीय सीमासँग जोडिएका छन्। नाका खुलाउन सर्लाहीसहित प्रदेश २ का जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउँदै स्थानीयवासीले सीमामै धर्नासमेत दिएका थिए। सीमा बन्द हुँदा दैनिक उपभोग्य सामानको मूल्य बढ्नाका साथै औषधि उपचारमा पनि समस्या भएको नेपाल-भारत खुला सीमा संवाद समूहमा रहनुभएका जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीले बताउनु भयो ।

सीमा बन्दकै कारण छोरी, चेली माइती र ससुराली आवतजावत गर्दा अपमानित भएको र वारिपारि आफन्तको जन्ती र मलामी जान पनि समस्या भइरहेको उहाँको भनाइ छ। सीमा बन्दले दैनिक जनजीवनसँगै जिल्लामा व्यापारव्यवसायसमेत प्रभावित भएको उद्योग बाणिज्य सङ्घ लालबन्दीका अध्यक्ष कल्याणकुमार जोशीले बताउनुभयो । ६४ किलोमिटर खुला सिमाना रहेको सर्लाहीमा अधिकांश स्थानमा खेतको बाटोमा समेत प्रयोग बढेको छ । सिमानामा दुवै देशका सुरक्षकर्मीहरू तैनाथ रहेका छन् । दैनिक उपभोग्य सामग्री खरीदका लागि तराईका जिल्लाका स्थानीयवासी भारतीय बजारमा जाने गर्दछन् । जसका लागि चोरबाटोको प्रयोग गर्न बाध्य हुनु परेको छ भने सीमानाका बन्दको बहानामा नेपाली बजारमा दैनिक उपभोग्य सामग्रीको मूल्यमा पनि वृद्धि भएको स्थानीय उपभोक्ताहरूले बताएका छन् भने सीमानाका बन्दको बहानामा तराईका जिल्लामा चोरी तस्करी बढेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

# दूरसञ्चार सेवाको गुणस्तर परीक्षण गर्दै प्राधिकरण

काठमाडौं, १३ माघ (रासस) ।

नेपाल दूरसञ्चार प्राधिकरणले एकैपटक देशभर मोबाइल र इन्टरनेटको गुणस्तर परीक्षण गर्ने भएको छ । प्राधिकरणले पहिलो चरणमा दूरसञ्चार सेवाको गुणस्तर परीक्षण गर्न छ वटा कम्पनी छनोट गरेको छ ।

प्राधिकरणले भ्वाइस, डेटा तथा इन्टरनेट सेवाको गुणस्तर मापन गर्न गत कात्तिकमा बोलपत्र आह्वान गरेको थियो । उक्त बोलपत्रमा परेका आवेदनमध्येबाट पहिलो चरणमा मूल्याङ्कनका आधारमा छ वटा कम्पनी छनोट गरिएको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार महाकाली मेची टेक्नोलोजी एण्ड सप्लायर्स, प्रोफेसनल बिजनेशन नेटवर्क बानेश्वर, स्मार्ट म्यानेजमेन्ट एण्ड रिसर्चको जेभीका रुपमा जय बागेश्वरी कन्ट्रक्सन एण्ड सप्लायर्स चक्रपथ ललितपुर र इ-कोइल प्रालिको जेभीका रुपमा जलजला बिल्डर्स एण्ड इन्फ्रास्ट्रक्चर प्रालि तिनकुने काठमाडौं रहेका छन् । यसैगरी, इन्क्लुसिभ एभरेस्ट माइक्रोटेक जेभी र इन टेल्को सोलुसन प्रालि बालकुमारी ललितपुर छनोट भएका छन् ।

प्राधिकरणले छनोटमा परेका कम्पनीसँग दूरसञ्चार सेवाको गुणस्तर परीक्षणको आर्थिक र प्राविधिक प्रस्ताव माग गर्नेछ । छ कम्पनीले दिएको प्रस्तावका आधारमा प्राधिकरणले एक उत्कृष्ट कम्पनी छनोट गरिने प्रवक्ता अर्याल बताउनुहुन्छ । उक्त कार्यका लागि प्राधिकरणले रु ६० लाख बजेट विनियोजन गरिसकेको छ ।

# इञ्जिनीयरलाई परीक्षा लिएर मात्र इजाजत

काठमाडौं, १३ माघ (रासस)।

नेपाल इन्जिनीयरिङ परिषद्ले स्वदेश तथा विदेशमा इन्जिनीयरिङ विषयको अध्ययन पूरा गरेका विद्यार्थीलाई अब परीक्षा लिएर मात्र इजाजत दिने व्यवस्था गर्न लागेको छ। यस क्षेत्रलाई थप व्यवस्थित र मर्यादित बनाउने जिम्मेवारी पाएको नियामक निकाय परिषद्ले विसं २०५५ को इन्जिनीयरिङ परिषद् ऐनलाई गर्न लागेको संशोधनमा उक्त विषयलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ।

विधेयकमा रजिष्ट्रारको नियुक्तिलाई पनि खुला प्रतिस्पर्धाबाट छनोट गरी पूर्णकालीन सेवा लिनेलगायत व्यवस्था गरिएको छ। यसरी नियुक्त हुने उम्मेदवारलाई सहसचिवस्तरको सेवासुविधा उपलब्ध गराइने उल्लेख गरिएको छ। इन्जिनीयरिङ क्षेत्रमा काम गर्न आवश्यक इजाजतपत्र वितरण गर्ने परिषद्ले यस क्षेत्रमा देखिएका विकृति सुधार गर्न विज्ञसँगको सुझाव लिएर सङ्कलन गरेका विषयवस्तुलाई विधेयकमा समावेश गरिएको परिषद्का अध्यक्ष डिल्लीरमण निरौलाले जानकारी दिनुभयो।

करीब दुई वर्ष लगाएर निर्मित विधेयक हाल प्रतिनिधिसभामा पठाइएको छ। हालै विघटनले कानून निर्माणमा पनि ढिलाइ हुने देखिएको छ। नेपालमा त्रिभुवन विश्वविद्यालयलगायत ६ विश्वविद्यालयका ४५ कलेजले यस क्षेत्रमा अध्यापन गराइरहेका थिए। अहिलेसम्म विद्यार्थीले आफूले अध्ययन गरेका सम्बन्धित संस्थाबाट पढाइ पूरा गरेपछि परिषद्मा निवेदन दिएपछि त्यसको केही दिनमा प्रक्रिया पूरा गरी इजाजत प्राप्त गर्न सक्ने व्यवस्था थियो।

त्यसैगरी विभिन्न ४१ देशका ७४४ शिक्षण संस्थाका उत्पादन तथा उनीहरूको पढाइको तह निर्धारण भएपछि अध्ययनको समकक्षता जाँच अनुसन्धान गरी परिषद्ले इजाजत उपलब्ध गराउँदै आएको छ। नयाँ कानूनको व्यवस्था नहुँदासम्म विद्यार्थीले कार्यालयमा उपस्थित भएर वा अनलाइनमार्फत पनि इजाजतका लागि दरखास्त दिन सक्ने व्यवस्था गरिएको छ। विसं २०५६ मा स्थापित परिषद्ले अहिलेसम्म ६० हजार ९३६ इन्जिनीयरलाई इजाजत वितरण गरेको अभिलेख छ। त्यसमा ५२ हजार ८८० पुरुष तथा सात हजार ५६२ महिला छन्।

समाजमा आकर्षक पेशाका रूपमा स्थापित इन्जिनीयरिङ क्षेत्रमा पछिल्लो समय प्रत्येक वर्ष पाँच हजार जनशक्ति स्वदेशमा उत्पादन हुने गरेका छन् भने करीब तीन हजार जनशक्ति विदेशमा अध्ययन पूरा गरी श्रम बजारमा प्रवेश गर्ने गरेका छन्। त्यसैगरी परिषद्ले ५२ विधामा इन्जिनीयरिङ पूरा गरेका जनशक्तिलाई इजाजत दिने गरेको छ भने मुलुकमा विभिन्न १७ विधामा स्नातक तहको अध्यापन गरिने गरेको छ।

करीब चार दशक अगाडि भारतमा छात्रवृत्ति प्राप्त गरी इन्जिनीयरिङ अध्ययन पूरा गर्नुभएका परिषद्का अध्यक्ष निरौलाले ३१ वर्ष सडक विभाग तथा एक दशक अन्य क्षेत्रमा विशेषज्ञ सेवा प्रदान गरी विसं २०७५ भदौ २० गतेदेखि परिषद्को नेतृत्व सम्हाल्नुभएको छ। मन्त्रिपरिषद्को निर्णयबाट सो परिषद्मा अध्यक्ष नियुक्त हुने र राज्यमन्त्रीस्तरको सेवा सुविधा प्राप्त गर्ने व्यवस्था छ। उहाँको नेतृत्वमा परिषद्ले २० वर्ष पुराना इन्जिनीयरलाई प्रोफेशनल इन्जिनीयरको मानार्थ सम्मान उपलब्ध गराउन इन्स्टिच्यूट अफ सिभिल इन्जिनीयर लण्डनसँग समझदारी गरेको छ। यस क्षेत्रमा परीक्षा लिएर इजाजत दिने व्यवस्थाको स्वागत गर्दै इन्जिनीयर दीपेश गौतमले भर्खर पढाइ पूरा गरेका विद्यार्थीलाई समयसापेक्ष विषयवस्तुको अध्ययन गर्न वातावरण बन्ने र थप सिर्जनशील हुने अवसर प्राप्त हुने विचार व्यक्त गर्नुभयो।

नीति निर्माणमा योग्य र सक्षम व्यक्तिलाई छनोट गर्न सकेमा त्यसको दूरगामी प्रभाव पार्ने विश्वास गर्नुभएका अध्यक्ष निरौलाले जेहेन्दार विद्यार्थीलाई अर्थाभावका कारण पढाइबाट वञ्चित गर्न नहुने जनाउँदै त्यसका लागि छात्रवृत्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "मुलुकको विकास र समृद्धिका लागि इन्जिनीयरिङ क्षेत्रको ठूलो महत्व छ। सडक विभागले सडक निर्माण गर्छ, विद्युत्, ढल, टेलिकमलगायतले भत्काउने कार्यले सडक गुणस्तर खस्कने, मर्मतका लागि ठूलो धनराशिको चुहावट हुने हुँदा हामीसँग भएका स्रोत र साधनलाई समन्वयात्मक ढङ्गबाट प्रयोग गर्नुपर्छ।"

मीन भवनस्थित हेभी इक्विपमेण्ट डिभिजनको २० आना जमीनमा परिषद्ले आफ्नो भवन निर्माणका लागि प्रक्रिया पूरा गरेको छ। रु१७ करोडको लागतमा भवन निर्माणका लागि यही माघ १४ गते बोलपत्र आह्वान गरिने छ। भवन निर्माणका लागि सरकारले रु ६ करोड र परिषद्ले रु ११ करोडको खर्च गर्ने योजना छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


# विश्व समाचार

## भारतमा गणतन्त्र दिवसका दिन किसानको ट्याक्टर र्‍याली

नयाँदिल्ली, १३ माघ (रासस/सिन्ह्वा)।

भारतका किसानले गणतन्त्र दिवसका अवसरमा ट्याक्टर र्‍याली प्रदर्शन गरेका छन्। कृषिसम्बन्धी तीन कानुन खारेजको माग गर्दै आन्दोलनमा उत्रिएका किसानले गणतन्त्र दिवसको दिन प्रतिकात्मकरुपमा ट्याक्टर र्‍याली निकालेका हुन्।

राजधानी नयाँदिल्लीको चक्रपथमा किसानले ट्याक्टर र्‍याली निकालेपछि सुरक्षाकर्मीसँग झडपसमेत भएको थियो। गणतन्त्र दिवसका अवसरमा आयोजित परेड प्रदर्शन कार्यक्रमलाई असर पार्न लागेकाले किसानको ट्याक्टर र्‍यालीमा हस्तक्षेप गर्नुपरेको सरकारी अधिकारीले स्पष्ट पारेका छन्।

भारतमा किसानको आन्दोलन लामो समयदेखि चलिरहेको छ भने वार्ता पनि पटकपटक भएका छन्। तर वार्तामा सहमति नभएकाले आन्दोलनले निरन्तरता पाइरहेको छ। किसान आन्दोलन पछिल्लो समय केन्द्रीय राजधानी नयाँदिल्ली केन्द्रित भएको छ।

## ट्रम्पद्वारा फ्लोरिडामा "पूर्वराष्ट्रपतिको कार्यालय" स्थापना

पाल्म बिच, १३ माघ (रासस/एएनआई)।

अमेरिकाका निवर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो गृहराज्य फ्लोरिडामा "पूर्वराष्ट्रपतिको कार्यालय" स्थापना गर्नुभएको छ। फ्लोरिडाको पाल्म बिचमा सोमबार उहाँले कार्यालय स्थापना गर्नुभएको स्थानीय सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

"पूर्वराष्ट्रपतिको कार्यालयबाट उहाँले पूर्वराष्ट्रपतिको रुपमा गर्ने सार्वजनिक भूमिका र गतिविधि सञ्चालन हुनेछ," उहाँका सहयोगीले भनेका छन्। सो कार्यालयबाट पत्र तथा वक्तव्य आदानप्रदान गर्ने, बैठक तथा भेटवार्ता गर्ने, औपचारिक सम्पर्क गर्नेलगायतका कार्य हुने पनि उहाँका सहयोगीले जनाएका छन्।

त्यसैगरी ट्रम्पको कार्यकालमा भए गरेका कामको समीक्षा तथा निरन्तर चासो राख्ने र त्यसलाई थप संस्थागत गर्ने कार्यमा पनि यस कार्यालयबाट गतिविधि हुने जनाइएको छ। नयाँ राष्ट्रपति जो बाइडेनको प्रशासनले गरेका कामप्रति टिप्पणी गर्ने र त्यसका विरुद्धमा जनमत आफ्नो पक्षमा पारिरहने रणनीति पनि यस कार्यालयले अपनाउने अनुमान गरिएको छ।

"राष्ट्रपति ट्रम्प सधैं अमेरिकी जनताको राष्ट्रपति हुनुहुन्छ, सबैले उहाँलाई आफ्नो अभिभावक मानेका छन्," उहाँको कार्यालयद्वारा जारी वक्तव्यमा लेखिएको छ।

उहाँको कार्यालयको नामलाई आधार मान्दा उहाँ सन् २०२४ मा हुने राष्ट्रपतिको निर्वाचनमा पनि उम्मेदवार बन्नु हुने छैन भनेर भन्न नसकिने टिप्पणी गरिएको छ। तर उहाँ र उहाँका सल्लाहकार तथा सहयोगीले भने यस बारेमा स्पष्ट पारेका छैनन्।

यही जनवरी २० तारिखमा राष्ट्रपति कार्यालयबाट बाहिरिएपछि पूर्व राष्ट्रपति ट्रम्प सोमबारसम्म मौन रहनु भएको थियो।

सामाजिक सञ्जाल ट्वीटरसमेतले उहाँको ट्वीटर खाता खारेज गरिदिएकाले पनि उहाँलाई सार्वजनिकरुपमा टिकाटिप्पणी गर्ने माध्यमको अभाव भएको थियो। अमेरिकी संसद्मा भएको पछिल्लो हिंसात्मक घटनाको प्रशंसा गर्दै हिंसात्मक गतिविधिलाई प्रोत्साहन गरेपछि ट्वीटरले उहाँको खाता खारेज गरिदिएको हो।

अनेक विवादका बीच आफ्ना प्रतिस्पर्धी बाइडेनको जितसमेतलाई अस्वीकार गर्दै उहाँलाई बधाई नदिइ ट्रम्प राष्ट्रपति कार्यालय ह्वाइट हाउसबाट बाहिरिनु भएको थियो। ह्वाइट हाउस छोडेपनि उहाँले पूर्वराष्ट्रपतिको रुपमा सक्रिय र हस्तक्षेपकारी भूमिका भने खेलिरहनु हुने देखिएको छ।

## अमेरिका प्रवेश गर्न कोरोना नेगेटिभ रिपोर्ट चाहिने

वासिङ्टन, १३ माघ (रासस/एएनआई)।

अमेरिका उडान गर्न चाहने यात्रुले कोरोना नेगेटिभ भएको रिपोर्ट देखाउनु पर्ने भएको छ। त्यस्तो रिपोर्ट यात्रा गर्नुभन्दा बढीमा तीन दिन अगाडिको हुनु पर्ने पनि अधिकारीले जानकारी दिएका छन्। यात्रा अनुमति पास (बोर्डिङ पास) लिनु अगाडि नै कोरोना सम्बन्धी रिपोर्ट देखाउनु पर्ने व्यवस्था गरिएको हो।

यात्रा गर्नुपूर्व कोरोना नेगेटिभ रहेको प्रमाण देखाउनु पर्ने व्यवस्था अमेरिकी वा गैर अमेरिकी सबै नागरिकलाई लागु हुने अधिकारीले जनाएका छन्। अमेरिकी केन्द्रीय रोग नियन्त्रण केन्द्रले जनवरी २६ देखि यस्तो व्यवस्था कार्यान्वयनमा आउने जानकारी दिएको छ।

"दुई वर्ष वा त्योभन्दा बढी उमेर भएका सबै यात्रुले अमेरिकी प्रवेश गर्नुअघि कोरोनाभाइरसबाट सङ्क्रमित नभएको वा कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भइसकेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था गरिएको छ," राज्य विभागद्वारा जारी वक्तव्यमा लेखिएको छ।

यस्तो प्रमाण पेश गर्न नसक्नेलाई बोर्डिङ पासको व्यवस्था गर्न सकिने उनीहरुले स्पष्ट पारेका छन्। "यदि तपाईंले अन्तरराष्ट्रिय उडानको योजना बनाउनु भएको छ भने तपाईंले बढीमा तीन दिन अगाडिको कोरोना नेगेटिभ भएको प्रमाण पेश गर्नु पर्दछ," वक्तव्यमा उल्लेख छ। न्यूनिकरण केन्द्रले यही जनवरी १२ मा यो व्यवस्था लागु गर्ने सम्बन्धी निर्णय गरेको थियो।

# देशभरि ६२ अस्पतालमा १२० खोप केन्द्र

काठमाडौँ, १३ माघ (रासस)।

कोभिड -१९ को विरुद्धको ‘कोभिशिल्ड’ खोप काठमाडौँ उपत्यकामा १७ खोपकेन्द्रबाट दिइने भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार बिहान १० बजे गर्ने खोपको भर्चुअल शुभारम्भ गर्नुहुने छ ।

काठमाडौँ उपत्यकामा १७ अस्पताललाई खोप केन्द्र बनाइएको स्वास्थ्य सेवा विभाग, बालस्वास्थ्य तथा खोप शाखाका निर्देशक डा झलक शर्मा गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार काठमाडौँमा १२, ललितपुरमा तीन र भक्तपुरमा दुई अस्पतालमा खोप केन्द्र रहने छन्। काठमाडौँमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, वीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौँ मेडिकल कलेज जोरपाटी, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र, सशस्त्र प्रहरी बलम्बु अस्पताल, शहीद गङ्गालाल अस्पताललगायत छन्। ललितपुरको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, किष्ट मेडिकल कलेज र आनन्द वन अस्पतालमा खोप केन्द्र रहने छन्।

यस्तै भक्तपुरमा भक्तपुर अस्पताल र कोरियामैत्री अस्पताल रहने छन्। उहाँले मंगलबार खोप केन्द्र बनाइएका उपत्यकाका अस्पतालको निरीक्षणसमेत गरिएको बताउनुभयो। खोपको शुभारम्भ समारोहमा सातै प्रदेशमा रहेका ६२ अस्पताल र १२० भन्दा बढी खोप केन्द्रबाट सूचीकृत व्यक्तिलाई एकै साथ खोप दिइने छ। यस्तै यही माघ १८ गतेभित्र ७७ जिल्लाका ३०० खोप केन्द्रमार्फत खोप प्रदान गरिने खोप शाखाको तयारी छ ।

भारत सरकारको अनुदानमा माघ ८ गते १० लाख मात्रा खोप नेपाल ल्याइएको हो। खोप शाखाका निर्देशक डा गौतमले सबै प्रदेशमा खोप पुगिसकेको बताउनुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पहिलो चरणको खोप अभियान शुरु गरेको १० दिनभित्र अभियान सम्पन्न गर्ने छ। सो चरणमा चार लाख ३० हजारलाई खोप प्रदान गरिने छ।

सरकारले प्रथम चरणको खोप सक्नुभन्दा अगाडि अर्को चरणको खोप लगाउनका लागि खोप ल्याउने तयारीमा रहेको छ। मन्त्रालयले खोपको समुचित प्रयोग गर्न र खेर जान नदिन आफूले नियमितसमेत गर्ने छ। कोभिशिल्ड खोप अक्सफोर्ड विश्वविद्यालय र एस्ट्राजेनेका नामक औषधि उत्पादक कम्पनीले संयुक्त रूपमा विकास गरेका हुन्। भारतको सेरम इस्सिच्युटले खोप उत्पादन गरेको हो।

लक्षित समूहले मात्र खोप पाएको यकिन गर्नका लागि सम्बन्धित संस्थाले खोप पाउने व्यक्तिको सूची सार्वजनिक गर्ने व्यवस्था मन्त्रालयले गरेको छ। खोप केन्द्र रहेको संस्था र स्वास्थ्य कार्यालयका प्रमुखले सूची सार्वजनिक गर्नुपर्ने हुन्छ। खोपको अनुगमन जिल्ला कोभिड -१९ खोप समन्वय समितले गर्ने छ।

**ककसले पाउँछन्**

पहिले चरणमा फोहरमैला व्यवस्थापनमा खटिने फोहर सङ्कलक तथा चालक, एम्बुलेन्स तथा शववाहन चालक र सहचालक, प्रत्यक्ष उपचारको सेवा दिने वा खोप व्यवस्थापनमा खटिने स्वास्थ्यकर्मी, खोप केन्द्र खटिने सुरक्षाकर्मी तथा स्वयंसेवक, शव व्यवस्थापनमा खटिने व्यक्ति, स्वास्थ्य स्वयंसेविका, अन्तरराष्ट्रिय प्रवेशविन्दुमा कार्यरत स्वास्थ्यकर्मी र अन्य कर्मचारी, वृद्धाश्रमका व्यक्ति तथा हेरचाहमा खटिने कर्मचारी एवं कारागारका कैदी र सुरक्षाकर्मीलाई खोप दिइने छ।

नेपालमा अहिले कोभिड-१९ को सङ्क्रमण दुई लाख ६९ हजार ७८९ जनामा देखिएको छ। सङ्क्रमणबाट दुई हजार ११ जनाको निधन भइसकेको छ।

## *प्रचण्ड र माधव ...*

मचाउनु भएको उहाँले आरोप लगाउनुभयो।

नेकपा सप्तरी (ओली समूह) का संयोजक ताराकान्त चौधरीको अध्यक्षतमा आयोजित बृह भेलालाई कानु मन्त्री लिलानाथ श्रेष्ठ, महिला बालबालिका मन्त्री जुली महतो, राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल, प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डल, सचिवालय सदस्य रघुबिर महासेठ, केन्द्रिय सदस्य सुखराम यादव, रन्जु ठाकुर, ज्वाला साह लगायतले पनि सम्बोधन गर्दै प्रधानमन्त्री ओलीको कदमको बचाउ गर्दै आगामी निर्वाचनमा दुई तिहाई बहुमत ल्याउने दाबी गर्नुभयो।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि नेकपामा प्रवेश गरेका दुई दर्जन नेता कार्यकर्तालाई प्रमुख अतिथि पोखरेलले फुलमाला अविर लगाई स्वागत गर्नुभएको थियो।

# ठूलो परिमाणमा लागुऔषध गाँजासहित तीन पक्राउ

लहान, १३ माघ (रासस)।

प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजासहित सिरहाको मिर्चैया नगरपालिका-९ बाट तीन जनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले करिब २५ किलो गाँजासहित मिर्चैया-८ निवासी १८ वर्षीय दीपेन्द्र राय, धनुषाको कमला नगरपालिका-८ निवासी ३३ वर्षीय सञ्जीव मण्डल र ३३ वर्षीय शम्भु यादवलाई पक्राउ गरेको हो।

मिर्चैया-९ स्थित रणबहादुर श्रेष्ठको घरमा गाँजाको कारोबार भइरहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले लुकाइछिपाई राखिएको गाँजासहित तीनै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक शालिग्राम शर्माले जानकारी दिनुभयो। सो क्रममा प्रहरीले स६प ३८६५ नंको डिस्कोभर मोटरसाइकलसमेत नियन्त्रणमा लिएको जनाएको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको र फरार रहेका रणबहादुर श्रेष्ठको खानतलासी भइरहेको प्रहरीले जनाएको छ।

# सशस्त्र प्रहरीद्वारा सात वर्षीया बालिकाको उद्धार

जनकपुरधाम, १३ माघ (रासस)।

ललाइफकाई भारततर्फ लागिरहेको अवस्थामा सात वर्षीया बालिकालाई धनुषाको सीमावर्ती जटही नाकाबाट उद्धार गरिएको छ।

सय बिघा बस्ने सात वर्षीया काजल दासलाई ललाइफकाई भारततर्फ लागिरहेको अवस्थामा सशस्त्र प्रहरीले उद्धार गरेको हो। सशस्त्र प्रहरी बल जटहीका अनुसार बालिकालाई बेच्न लगिरहेको दुई जना दलाललाई पनि पक्राउ गरिएको छ। पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-१४ का मनोज महतो र भारत मधुबनी जिल्लाका चन्दनराम रहेका छन्।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*